जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २९८ पृष्ठः ४ | २०८१ चैत्र १४ गते बिहीबार (Thursday 27 March 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## रिंकु सदाय मृत्यु प्रकरणः वडासदस्य साह पुर्पक्षका लागि कारागार चलान




सिरहा, १३ चैत। सिराहाको नवराजपुर गाउँपालिका भगवतीपुरकी रिंकुकुमारी सदायमाथिको जबरजस्ती करणी मुद्दामा मिलापत्र गरेको, जातीय छुवाछुत तथा भेदभाव र आतहत्या दुरूत्साहन मुद्दामा वडासदस्य नथुनी साह कारगार चलान भएका छन्। बुधबार जिल्ला अदालत सिराहाका प्रमुख जिल्ला न्यायाधीश श्रीप्रकाश उप्रेतीको इजलासले साहलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला अदालतका स्रेस्तेदार निरज पोखरेलले जानकारी दिए। घटनामा जिल्ला सरकारी वकिल कार्यालयले दुई वटा छुट्टाछुट्टै मुद्दा दायर गरेको थियो। नाबालक तीन जनाविरूद्ध अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी र जबर्जस्ती करणी मुद्दामा मिलापत्र गरेको, जातीय छुवाछुत तथा भेदभाव र आत्महत्या दुरूत्साहन मुद्दा दायर गरेको थियो।

स्रेस्तेदार पोखरेलका अनुसार उक्त मुद्दामा मुख्य आरोपी भनिने नाबालकलाई संरक्षकको जिम्मा लगाउने आदेश भएको छ। सोही मुद्दामा फरार भएका दुई नाबालकलाई कानुनबमोजिमको म्याद जारी गर्न आदेश भएको छ। रिंकु सदायमाथि बलात्कार भएको भन्ने सार्वजनिक भएपछि पञ्चायत बसेर मिलाउने खोज्नेहरूलाई जबर्जस्ती करणी मुद्दामा मिलापत्र गरेको, जातीय छुवाछुत तथा भेदभाव र आत्महत्या दुरूत्साहन सम्बन्धी कसुरमा मुद्दा दायर भएको थियो। १७ जनामध्ये ७ जनालाई फरार सूचीमा राखेर मुद्दा दायर भएकोमा ६ जनासँग जनही डेढ लाख रूपैयाँ धरौटी माग भएको छ। रामकृपाल

-बाँकी अन्तिम पेजमा

## मुख्यमन्त्री सिंहको निर्देशन अटेरी गर्ने साह पक्राउ

रौतहट, १३ चैत्र। मधेस प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहको निर्देशनलाई अटेरी गर्दै आएका रौतहटको शिवनगर स्थित आनन्द हस्पिटल तथा एक्युपञ्चर सञ्चालक उमेश प्रसाद साह पक्राउ परेका छन्। जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा ईलाका प्रहरी कार्यालय शिवनगरका प्रमुख सई बब्लुकान्त झाको नेतृत्वमा गएको टोलीले उनलाई उनको हस्पिटलबाट केही बेर अघि पक्राउ गरेको हो। पक्राउ परेका कथित डाक्टर साह लाई तत्कालै आवश्यक कारबाहीको लागि प्रहरीकै गाडीमा राखेर जिल्ला प्रहरी कार्यालय गौर तर्फ पठाइएको रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताएका छन्। हस्पिटल सञ्चालक लाई नियन्त्रणमा लिएर अनुसन्धान पछी उचित कार्यवाही गरिने एसपी घिमिरेले जानकारी दिएका छन्।

मुख्यमन्त्री सिंहले दुई साता अघि अनुगमनको क्रममा आनन्द हस्पिटल मापदण्ड विपरीत हस्पिटल सञ्चालनमा रहेको पाइएपछि बन्द गर्न निर्देशन दिएका थिए। मापदण्ड पुरा गरेपछि मात्र हस्पिटल सञ्चालन गर्ने भनी मुख्यमन्त्री सिंहले दिएको निर्देशनलाई आनन्द हस्पिटल शिवनगरका सञ्चालक उमेश प्रसादले अटेरी गरी निर्बाध रूपमा हस्पिटल सञ्चालन गर्दै आएका थिए। नियमानुसार व्यवस्थापन नहुन्जेलसम्म पुरानो बिरामीलाई अन्य हस्पिटलमा राखेर उपचार गर्ने तथा आनन्द हस्पिटलले उपचार खर्च दिनुपर्ने हुन्छ।

पछिल्लो दुई दशक देखि उमेश प्रसादले अवैध हस्पिटल सञ्चालन गरी लकवा प्यारालाइसिस रोगको उपचारको नाउँमा खुलेआम लुट मच्चाउँदै आएका छन्। मुख्यमन्त्री सिंहले गरेको अनुगमनको क्रममा शिवनगर, गरुडा, र चन्द्रपुरमा मापदण्ड विपरीत सञ्चालनमा रहेको डेढ दर्जन हस्पिटल तत्काल बन्द गर्न निर्देशन दिएका थिए।

## कुलमान पुगे सर्वोच्च अदालत

काठमाडौं, १३ चैत्र। नेपाल विद्युत् प्राधिकरणका निवर्तमान प्रबन्ध निर्देशक कुलमान घिसिङ सर्वोच्च अदालत गएका छन्। आफूलाई सरकारले गैरकानुनी रुपमा पदमुक्त गरेको दाबीसहित उनले बुधबार सर्वोच्चमा अदालतमा रिट दर्ता गराएका छन्। घिसिङले आफूलाई पदमुक्त गर्ने मन्त्रिपरिषद् बैठकको निर्णय बदर गर्न माग गरेका छन्। उनलाई सोमबार बसेको मन्त्रिपरिषद

-बाँकी दुई पेजमा

## आशुको हत्यामा संलग्नलाई पक्राउको माग गर्दै परिवार र स्थानीयद्वारा टायर बालेर सडक अवरुद्ध

जनकपुर, १३ चैत्र। जनकपुरधाम उपमहानगरपालिका-२३ बिन्धीका १९ वर्षीय आशु यादवको हत्यामा संलग्नलाई पक्राउ गर्न पीडित परिवार र स्थानीय आन्दोलनमा उत्रिएका छन्। बुधबार बिहानैदेखि मृतक आशुका आफन्त र बिन्धीवासी जनकपुरधा-जलेश्वर बाटो अवरुद्ध गरेर आन्दोलित बनेका हुन्। हत्यामा संलग्न एक जनालाई प्रहरीले घटना स्थलबाटै पक्राउ गरे पनि अन्य ६ जनालाई पक्राउ नगरेको भन्दै उनीहरू सडकमा टायर बालेर प्रहरी प्रशासनविरुद्ध प्रदर्शन गरिरहेका छन्। सडक अवरुद्ध गरेर गरिएको प्रदर्शनका कारण सवारी साधन ठप्प भएका छन्।

गत फाल्गुन २ गते होलीका दिन रंगअविर खेल्ने क्रममा आशुलाई स्थानीय २१ वर्षीय धर्मेन्द्र महतोले छुरा प्रहार गरी हत्या गरेका थिए। प्रहरीले धमेन्द्रलाई सोही दिन पक्राउ गरे पनि उनलाई हत्यामा सघाउने अन्य ६ जनालाई पक्राउ नगरेको भन्दै पीडित परिवार र स्थानीयहरू आन्दोलनमा उत्रिएका छन्। धनुषाका प्रहरी प्रवक्ता डिएसपी वरुणबहादुर सिंहले अवरुद्ध सडक खुलाउन आन्दोलित पक्षसँग छलफल गरिरहेको बताए। उनले भने, 'पीडित परिवारले ६/७ जनामाथि किटानी जाहेरी दिएको छ घटनाका मुख्य आरोपितलाई पक्राउ गरिसकेका छौं। अन्य आरोपितको खोजी भैरहेको छ।'





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



### ब्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं।

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौ,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौ,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सामान्य विषयमा संसद्लाई बन्धक नबनाऊ !

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बर्खास्त गर्ने मन्त्रिपरिषद्को निर्णयको सडक र सामाजिक सञ्जालमा पनि व्यापक विरोध भएको देखियो। त्यसको प्रतिध्वनि संसद्मा गुन्जिनु स्वाभाविकै हो। संसदीय शासन पद्धतिमा सरकारको निगरानी र खबरदारी गर्ने विपक्षी दलहरूको प्रमुख कर्तव्य नै जो हुन्छ। बुधवार प्रमुख विपक्षी नेकपा (माओवादी केन्द्र)सँगै अरू विपक्षी सांसदहरूले घिसिङको बर्खास्तीको विषय उठाएर संसद्का दुवै सदन चल्न दिएनन्। फलस्वरूप सभामुखले अर्को बुधवारसम्मका लागि प्रतिनिधि सभाको बैठक नै स्थगित गरिदिए। घिसिङको बर्खासीमा प्रधानमन्त्रीले संसद्मा 'चित्तबुभ्दो' जवाफ नदिएसम्म संसद् चल्न नदिने चेतावनी प्रमुख विपक्षी नेताले दिएका छन्। उता प्रधानमन्त्री खड्गप्रसाद ओली यही चैत १९ गते विदेश भ्रमणमा जाने तय भएको समाचार सार्वजनिक भएको छ। त्यसै पनि प्रधानमन्त्रीले जवाफ नदिने भनिसकेका छन्। यद्यपि, प्रधानमन्त्रीले त सरकार र संसद् चलाउन लचिलो हुन नहिचकिचाउनु पर्ने हो।

सरकार र विपक्षको रवैया संसद् 'भर्सेलैमा परोस्' भन्ने देखियो। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन पनि सांसदहरूले कामै नगरी भत्ता पचाउने मेलोमै सीमित हुने देखियो। सदन र समितिमा महत्त्वपूर्ण विधेयकहरू विचाराधीन छन्। अब त तिनलाई 'अलपत्र' परेका छन् भन्नु सही होला। मन्त्रिपरिषद्ले पदावधि सकिनै लागेको व्यक्तिलाई जनताको पनि चित्त बुझ्ने कारण नदेखाई हटाउनु तजबिजी शासनकै उदाहरण हो। सरकारको यस हैकमी शैलीको विरोध हुनु नै पर्छ। विपक्षी सांसदहरूले बुधवार संसद् चल्न नदिएर आफ्नो विरोध सशक्तरूपमा प्रकट पनि गरे। सडकमा हुने विरोधको आफ्नै सार्थकता र सन्दर्भ हुन्छ। तर, संसद् भने मूलतः रचनात्मक नै हुनुपर्छ। यसैले सरकारी स्वामित्वको एउटा संस्थाको कर्मचारीलाई मन्त्रिपरिषद्ले बर्खास्त गर्दा प्रमुख विपक्षी नेताले संसद् नै बन्द गरेर 'आन्दोलन' गर्ने धम्कीसमेत दिनु उचित होइन।

लोकतन्त्रमा विरोधको स्वरूप र शैली पनि सापेक्षित हुन्छ। सडकमा निस्कनेहरूले घिसिङको पुनर्बहालीको माग गरे भने पनि अनौठो हुँदैन तर संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले कर्मचारी विशेषको नियुक्ति वा पुनर्बहालीको माग राखेर आन्दोलन गर्नु प्रत्युत्पादक मूर्खता हुनेछ। संसदीय पद्धतिमा विपक्ष 'प्रतीक्षारत सरकार' मानिन्छ। यसैले पनि विपक्षले साङ्केतिक विरोधभन्दा बढी उग्रता देखाउनु आफ्नै लागि पनि लाभदायक नहोला। घिसिङ स्वयंले आफ्नो बर्खासी विरुद्ध अदालत जाने भनिसकेकाले पनि अब सदन वा सडकबाट गरिने विरोध न्यायालयमाथि दिइएको दबाब मानिनेछ।

## शिक्षकहरूलाई शिक्षामन्त्रीको आग्रह

काठमाडौं, १३ चैत्र। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आन्दोलनरत शिक्षकहरूसँग भेट गरेकी छन्। नेपाल शिक्षक महासंघले सातदिनदेखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रिले अनशन बस्दै आएको छ। अनशनस्थलमै पुगेर मन्त्री भट्टराईले आन्दोलनकारी शिक्षकहरूसँग भेटघाट गरेकी हुन्। भेटघाटमा मन्त्री भट्टराईले शिक्षा विधेयक संसदीय समितिमा दफावार छलफलमा भएको र चाँडो यसलाई टुंग्याउन आफू सक्रिय रहेको बताएकी थिइन्। तर, जवाफमा शिक्षकहरूले ऐन जारी भएर एक थान ऐन लगेर जाने र त्यतिन्जेल आन्दोलन नरोकिने बताएका थिए।

विधेयक यतिबेला दफावार छलफलको क्रममा छ। त्यसका लागि समितिले उपसमिति गठन गरेको छ। उपसमितिलाई ३५ दिनको समय दिएको छ। ३५ दिनभित्रमा विधेयकमा देखिएका विवादित विषयमा छलफल गरेर प्रतिवेदन पेस गर्न भनिएको छ। विगतमा सरकारले आफूहरूसँग सहमतिको कार्यान्वयनसहित यथाशी ऐन जारी हुनुपर्ने माग राख्दै शिक्षकहरू आन्दोलन गर्दै आएका हुन्। उनीहरूले एक थान विद्यालय शिक्षा ऐन लगेर मात्रै फर्किने बताउँदै आएका छन्। शिक्षकहरूले चैत २० गतेपछि देशभरका ४ लाख शिक्षक र कर्मचारी काठमाडौं आएर सडक आन्दोलनको तयारीमा जुटेका छन्। उनीहरूले उक्त आन्दोलन ऐन जारी नभएसम्म यथावत् रहने बताएका छन्।

### कुलमान पुगे...

बैठकले बर्खास्त गरेको थियो। केपी शर्मा ओली नेतृत्वको सरकारले बदनियत राखेर आफूमाथि पटक-पटक स्पष्टीकरण सोधेको र गलत ढंगले पदमुक्त गरेको उनले निवेदनमा दाबी गरेका छन्।

कुलमानलाई बर्खास्त गरेर सरकारले हितेन्द्रदेव शाक्यलाई विद्युत प्राधिकरणको प्रबन्ध निर्देशक नियुक्त गरेको थियो। शाक्यले आफ्नो पदभार ग्रहण गरिसकेका छन्। कुलमानलाई गैरकानुनी रुपमा बर्खास्त गरेको भन्दै विपक्षी पार्टी माओवादीसहितले प्रतिनिधि र राष्ट्रिय सभा बैठक अवरुद्ध गरेका छन्। कुलमानलाई गैरकानुनी ढंगले हटाएको भन्दै देशका विभिन्न स्थानमा आन्दोलन भईरहेको छ।

# नेपालमा राजतन्त्र पुनः स्थापना : इतिहास, तथ्य र प्रमाणका आधारमा अस्वीकार्य प्रस्ताव

**डा. चूडाप्रसाद ढकाल**

नेपालमा गणतन्त्र स्थापनापछि पटक-पटक राजतन्त्र पुनः स्थापनाको बहस उठ्ने गरेको छ। विशेष गरी पूर्वराजा ज्ञानेन्द्र शाहका अभिव्यक्तिले यो विषयलाई पुनः चर्चामा ल्याउने गरेका छन्। तथापि इतिहास, राजनीति, समाज, अर्थतन्त्र र लोकतान्त्रिक उपलब्धिहरूका आधारमा यो माग केवल अव्यावहारिक मात्र होइन, नेपाली जनताको संघर्षको अपमान पनि हो। नेपालमा २४० वर्षसम्म राजतन्त्र रहँदा न स्थायित्व आयो, न त समृद्धि। सत्ताको चरम केन्द्रीकरणले भ्रष्टाचार, दमन र अन्यायलाई संस्थागत गऱ्यो। विशेष गरी २००७, २०१७, २०४६, र २०६२/६३ का जनआन्दोलनहरू राजसंस्थाको असफलताको ऐतिहासिक प्रमाण हुन्।

राजतन्त्रले स्थिरता ल्याउने दाबी-तथ्यले अस्वीकार गर्छ। पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे पनि १०४ वर्षसम्म शाहवंश राणाशासनको छायामा निष्क्रिय रह्यो। राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्र खारेज गरी अधिनायकवाद लादे, राजा ज्ञानेन्द्रले २०५९ मा प्रत्यक्ष शासन गर्दै लोकतन्त्र निलम्बन गरे। २०५८ को दरबार हत्याकाण्डले राजसंस्थाभित्रैको अस्थिरता उजागर गऱ्यो। राजा वीरेन्द्रसहित शाही परिवारको हत्या भएलगत्तै नेपाल अराजक बन्यो। राजा ज्ञानेन्द्रले सत्ता हत्याएपछि २०६२/६३ मा लाखौं नेपाली सडकमै उत्रिए। इतिहासले देखाएको छ — राजतन्त्र स्थिरता होइन, अस्थिरताको कारक थियो।

राजतन्त्र पुनः स्थापनाको माग गर्नेहरूले 'स्थिरता र राष्ट्रिय एकता'को बहानामा पुरानो संरचनालाई फर्काउने प्रयास गर्छन् तर इतिहास भन्छ — राजसंस्थाले नेपाललाई कहिल्यै स्थिर बनाएन, बरु बारम्बार अस्थिरता निम्त्यायो। दरबार हत्याकाण्डले सत्ताभित्रको अस्थिरता उजागर गऱ्यो, ज्ञानेन्द्रले प्रत्यक्ष शासन हत्याएपछि माओवादी विद्रोह भनै चर्कियो र २०६२/६३ मा लाखौं नागरिकले सडकबाटै राजसंस्थालाई अन्त्यको सन्देश दिए। नेपाली जनताले रगत, पसिना र बलिदानमार्फत फालिसकेको राजतन्त्र पुनः स्थापनाको बहस फेरि जीवित हुनुपर्ने कुनै कारण थिएन। तर यो परिस्थिति सिर्जना हुनुको प्रमुख दोषी राजतन्त्र समर्थकहरू मात्र होइनन्, लोकतान्त्रिक प्रणालीका मूलधारका तथाकथित नेता र सत्ताधारीहरू नै हुन्। जनताले गणतन्त्र ल्याइदिएपछि यिनले देशलाई सुशासन दिनुपर्ने थियो, पारदर्शिता कायम गर्नुपर्ने थियो, जनताको हितमा काम गर्नुपर्ने थियो तर यिनले राष्ट्रलाई सही मार्गचित्र दिनुको साटो, भ्रष्टाचार, नातावाद, स्वार्थ, सत्ता लिप्सा र चरम अकर्मण्यताको उदाहरण मात्र प्रस्तुत गरे। जसका लागि शासन प्रणाली परिवर्तन गरियो, तिनै जनता आज पनि गरिबी, बेरोजगारी, महँगी र अन्यायको भार बोक्न बाध्य छन्।

यही असफलताले नै राजतन्त्र पुनः स्थापनाको बहसलाई मलजल गरिदिएको छ। जनतामा शासनप्रति वितृष्णा पैदा गराउने नेतृत्वकै गलत शैलीको फाइदा उठाउँदै राजतन्त्र समर्थकहरूले 'राजतन्त्रमै देश बच्ने हो' भन्ने भ्रामक प्रचार गरिरहेका छन्। यद्यपि राजतन्त्रले कहिल्यै समस्याको समाधान हुन सक्दैन। इतिहासले देखाइसकेको छ— राजतन्त्रले न न्याय दियो, न अवसर, न त विकासको आधार। अहिलेका भ्रष्ट राजनीतिज्ञहरू जति नालायक छन्, राजतन्त्र त अझ घातक थियो, किनभने त्यो त परिवर्तनको सम्भावना समेत अन्त्य गर्ने सत्ताको अडिग मोडल थियो। त्यसैले भ्रष्ट नेताहरूप्रति आक्रोशित हुनु जायज भए पनि विगततिर फर्केर समाधानको बाटो खोज्नु मूर्खता मात्र होइन, जनआन्दोलनका सहिदहरूप्रति पनि घोर अपमान हो।

राजसंस्थाले 'राष्ट्रिय एकता'को नाममा धर्म, जाति र वर्ग विशेषलाई मात्र सशक्त बनायो। शाहवंशीय राजतन्त्रले खस-आर्य वर्चस्वलाई प्रश्रय दियो, जसका कारण जनजाति, मधेसी, दलितहरू राजनीतिक, सामाजिक र आर्थिक रूपमै दोस्रो दर्जामा राखिए। उदाहरणका लागि— १९९० अघि नेपालका जनजातिहरूलाई आफ्नै भाषा विद्यालयमा पढाउने अधिकार थिएन, मधेसीहरूलाई नागरिकतासमेत सहज रूपमा दिइँदैनथ्यो। लोकतन्त्रले यी विभेदहरू अन्त्य गर्दै समावेशी संरचना निर्माण गरिरहेको छ। २०१५ को संविधानले सबै जाति, धर्म र लिंगलाई समान हक सुनिश्चित गऱ्यो। अहिले नेपालमा संघीयता कार्यान्वयन हुँदै छ, स्थानीय तह सशक्त बन्दै छ र नागरिक अधिकारहरू सुरक्षित छन्।

गणतन्त्रपछि नेपालले हासिल गरेका उपलब्धिहरू राजसंस्थाका दुई शताब्दीभन्दा बढी मूल्यवान छन्। लोकतन्त्रले खुला बहसको अवसर दिन्छ, सरकारलाई उत्तरदायी बनाउँछ र नागरिकलाई सत्ताको स्रोत बनाउँछ। महिला, दलित र सीमान्त समुदायको राजनीतिक सहभागिता आजको लोकतन्त्रमा सम्भव भएको छ, जुन राजतन्त्रमा असम्भव थियो। राजतन्त्र केवल एक परिवार विशेषको निरन्तर शासनलाई संस्थागत गर्ने संरचना थियो। आधुनिक राष्ट्रमा सत्ताको वैधता जनता स्वयंको म्यान्डेटबाट आउनुपर्छ, कुनै परिवारको वंशानुक्रमबाट होइन। लोकतन्त्रमा कमजोरीहरू हुन सक्छन्, तर समाधान राजतन्त्र होइन— बरु संस्थाहरूलाई पारदर्शी र सुदृढ बनाउनु हो।

नेपालले एक शताब्दीभन्दा बढी संघर्षपछि लोकतन्त्र प्राप्त गरेको हो। राजतन्त्र पुनः स्थापना गर्ने प्रयास इतिहासको गति उल्ट्याउने भ्रामक कल्पना मात्र हो। आधुनिक नेपाललाई एकल परिवारको शासन होइन, जनता स्वयंको शक्ति आवश्यक छ।

# शक्तिशाली सरकार झुकाउने उपेन्द्र अडान


*प्रतिनिधिसभामा दुई तिहाइ बहुमत भए पनि राष्ट्रिय सभा प्रतिकूल बन्दा सरकारलाई केवल संख्याको कमी मात्र कारक बनेन। भूमि अध्यादेशमा उपेन्द्र यादवले निरन्तर लिएको चट्टानी अडान नै अन्ततः कांग्रेस-एमाले गठबन्धनलाई पछि हट्न बाध्य गराउने कारण बन्न पुग्यो।*


**सइन्द्र राई**

काठमाडौं, १३ चैत्र। सरकारले ल्याएको भूमि सम्बन्धी अध्यादेश अन्ततः निष्क्रिय हुने भएको छ। बुधबार बसेको सत्ता साझेदार दलहरूको बैठकले भूमि सम्बन्धी अध्यादेश निष्क्रिय भएर जान दिने निष्कर्ष निकालेको हो। संविधानको धारा ११४ (ग) अनुसार संसद् चलेको ६० दिनभित्र अध्यादेश पारित नभएर स्वतः निष्क्रिय हुन्छ। गत १८ माघबाट सुरु संसदको हिउँदे अधिवेशन अबको ५ दिनपछि ६० दिन पुग्दैछ। यही संवैधानिक व्यवस्थाका कारण प्रधानमन्त्री केपी शर्मा ओली सहित सत्तारुढ नेताहरूले जनता समाजवादी पार्टी (जसपा), नेपालका नेताहरूसँग सम्वाद थप बाक्लो बनाएका थिए।

मंगलबार सत्ता साझेदार दलहरूको बैठक आहवान गरिएको थियो। तर भूमि सम्बन्धी अध्यादेशमा बिमति जनाउँदै आएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव उक्त बैठकमै अनुपस्थित भए। 'उपेन्द्र यादवलाई मनाउन निकै प्रयास गरियो। हिजोसम्म कुरा भयो, तर मान्नु भएन' सत्ता साझेदार एक शीर्ष नेता भन्छन्, 'जसपाको असहमतिपछि भूमि अध्यादेश फिर्ता लिनुको अर्को विकल्प थिएन।' अर्थात् भूमि सम्बन्धी अध्यादेश पारित गराउन प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको तीन महिना लामो प्रयत्न सफल हुन सकेन। 'धेरै प्रयास भयो। तर संसदमा बहुमत नपुग्ने भएपछि फरक बाटो अपनाउने निष्कर्षमा पुगेका हौं', सत्ता साझेदार बैठकमा सहभागी एक नेता नेता भन्छन्।

ती नेताका अनुसार अब भूमि सम्बन्धी अध्यादेशलाई निष्क्रिय हुन दिएर त्यसका अन्तर्वस्तुलाई विधेयकका रुपमा अगाडि बढाउने सहमति जुटेको छ। एमालेका प्रमुख सचेतक महेश बर्तौला पनि अध्यादेशमा रहेको अन्तर्वस्तु विधेयकका रुपमा अगाडि बढ्ने बताउँछन्। '१८ फागुनपछि अध्यादेश स्वतः निष्कृय हुँदैछ। हामी त्यसका अन्तर्वस्तुलाई संशोधन विधेयकका रुपमा अगाडि बढाउने र सम्बन्धित मन्त्रालयले वर्कआउट गर्ने निष्कर्षमा पुगेका छौं', उनी भन्छन्। जसपा नेपालका प्रवक्ता मनिष सुमन भने भूमि सम्बन्धी अध्यादेश निष्कृय हुने कुरा सकारात्मक रहेको बताउँछन्। 'हामीले देश र जनताको पक्षमा चट्टानी अडान लियौं। कतै पनि टसमस भएनौं' उनी भन्छन्, 'अब यो विधेयकका रुपमा आउनेछ। त्यो बेला बिचौलिया र भू-माफियाको सल्लाहमा होइन, जनताको सुझाव अनुसार कानुन बन्नेछ।'





**चट्टानी अडान**

दुई तिहाइ संसदीय बहुमत प्राप्त प्रधानमन्त्री ओलीले प्रतिष्ठाकै विषय बनाएको भूमि सम्बन्धी अध्यादेश स्वतः निष्कृय भएर जानुपर्ने परिस्थिति भने जसपा नेपालले लिएको अडानकै कारण सिर्जना भएको हो। प्रधानमन्त्री ओलीले साना सत्ता साझेदारहरूलाई बेवास्ता गर्दै गत २६ पुसमा भूमि सम्बन्धी सहित ६ वटा अध्यादेश राष्ट्रपति कार्यालयलाई सिफारिस गरेका थिए। त्यसबेला कांग्रेस र एमाले नेतृत्व सहमत भएपछि सरकारका कुनै पनि काम रोकिन्न भन्ने बुझाइका साथमा अध्यादेशहरू

-बाँकी तीन पेजमा

## *शक्तिशाली सरकार...*

आएका थिए। तर देउवाको सहमतिमा ओलीले ल्याएको अध्यादेशलाई राष्ट्रपति रामचन्द्र पौडेलले पहिलोपटक रोकिदिए। भूमि सम्बन्धी अध्यादेश रोकेर २९ पुसमा राष्ट्रपति पौडेलले अरु अध्यादेश जारी गरे।

यद्यपि राष्ट्रपति पौडेल अडानमा धेरै टिकेनन्। कांग्रेस सभापति देउवा, प्रधानमन्त्री ओली सहित नेताहरूले राष्ट्रपति पौडेललाई मनाए। रोकिएको भूमि अध्यादेश २ माघमा राष्ट्रपति पौडेलले जारी गरिरहदा सत्ता–समीकरण अझ मजबुत बनेको दावी गरिएको थियो। अध्ययन प्रयोजनका लागि मात्र भूमि अध्यादेश राष्ट्रपति कार्यालयमा रोकिएको प्रधानमन्त्रीको तर्क थियो। 'यी अध्यादेशहरू बाहिर कताकति चर्चा गरिए जस्तो, ...यति वटा जारी भए, यति वटा राष्ट्रपतिबाट रोकिए भन्ने ....,' ओलीले भनेका थिए, 'राष्ट्रपतिले अध्ययन गर्नु हुन्छ नि त, अध्ययन गर्न लगाउनु हुन्छ, त्यसपछि उहाँले जारी गर्नु हुन्छ।' तर राष्ट्रपति कार्यालयबाट अगाडि बढेको भूमि अध्यादेश संसद्रुमा टेबल हुनै सकेन। १८ माघको संसद बैठकमा ६ वटै अध्यादेश टेबल हुने कार्यसूची तय भएको थियो। तर जसपा नेपालले भूमि अध्यादेश बाहेकमा मात्र सहयोग गर्ने सन्देश दियो।

पार्टी नेता राजकिशोर यादवको नेतृत्वमा अध्ययन कार्यदल गठन गर्दै २९ माघमा बसेको जसपा नेपाल संसदीय दलको बैठकले त भूमि अध्यादेश देश र जनताको हित विपरीत भएको निष्कर्ष नै निकाल्यो। 'भूमि अध्यादेश भू–माफियाहरूको पक्षमा आएको छ, वास्तविक सुकुमवासीलाई भन्दा पनि बिचौलियाहरूलाई पोस्ने किसिमले ल्याइएको छ' जसपा नेपालको निर्णय थियो। भूमि सम्बन्धी अध्यादेशलाई लिएर जसपा नेपालले सरकारको नियतमाथि गम्भीर आरोप लगायो। अध्यक्ष उपेन्द्र यादव सहित नेताहरूले सार्वजनिक रुपमै सरकारको कदमलाई भू–माफिया र बिचौलियाको उक्साहट भने। तर प्रधानमन्त्री ओलीले भने जसपा नेपाललाई जसरी पनि मनाउने नीति लिए।

सत्ता साझेदार शक्तिबाटै गम्भीर आरोप सहित भूमि अध्यादेशको विपक्षमा निर्णय गर्दा पनि जसपा नेपाललाई मनाउने प्रधानमन्त्रीको नीतिको खास कारक भने राष्ट्रिय सभाको प्रतिकुल समीकरण हो। ५९ सदस्यीय राष्ट्रिय सभामा ३ सिटको जसपा नेपालले साथ नदिंदा सत्तारुढसँग बहुमत पुग्दैन। राष्ट्रिय सभामा कांग्रेससँग १६ र एमालेसँग ११ सिट मात्र छ। यो जोड्दा २८ सिट हुन्छ। उपेन्द्रले अडान लिदा १ सिटको लोसपाले पनि सत्तारुढलाई नसघाउने निर्णय लियो। सत्तारुढमै रहेको जसपा र लोसपाको निर्णयले राष्ट्रिय सभाको विपक्षमा चाहिं बहुमत पुग्यो। माओवादी केन्द्रसँग १७, एकीकृत समाजवादीसँग ८ र राष्ट्रिय जनमोर्चासँग १ सिट छ। त्यसैले समय लिने र सकेसम्म उपेन्द्र यादवलाई मनाउने नीति प्रधानमन्त्री ओलीले लिएका थिए। कतिसम्म भने सांसदहरू कुम्भ मेला गएकाले अध्यादेशहरू तत्काल अगाडि नबढाउने जस्ता निर्णय समेत भयो।

गत ४ फागुनमा बसेको प्रमुख सचेतकहरूको बैठकले सांसदहरू कुम्भ मेला गएकाले अध्यादेशहरू केही समय रोक्ने निर्णय गरेको थियो। उद्देश्य उपेन्द्रलाई मनाउन समय लिने नै थियो। नेताहरूका अनुसार संसद् अधिवेशन चलेको यो ५५ दिने अवधिमा उपेन्द्र यादवसँग अनेक माध्यमबाट थुप्रै कुराकानी भयो। 'त्यो बीचमा उहाँहरूले सहयोग गर्नुस् भनिरहनुभयो, हामीले निर्णय फेर्नुपर्ने कारण देखेनौं', जसपा नेपालका प्रवक्ता मनिष सुमन भन्छन्।

# किन महिलामा यौनइच्छा कम हुन्छ ? यसो भन्छन् विशेषज्ञ





डा. उपमा बस्नेत
नि:सन्तानपन तथा स्त्री रोग विशेषज्ञ

महिलाहरू शारीरिक सामिप्यतालाई लिएर पुरुषको जस्तो खुलेर कुरा गर्दैनन्। उनीहरू पुरुषको जति यौन चाहना भए पनि पार्टनरसमक्ष राख्दैनन्। किनकी महिला लजालु स्वभावका हुन्छन्। जुन स्वभाविक हो। तर, यौन चाहना नै नदेखाउने, यसको कुरा गर्दा तर्किने, पार्टनरले सम्पर्क राख्न खोज्दा नमान्ने वा यौनक्रियाको क्रममै उठेर हिंड्ने गरेमा र हरेक पटकको प्रयासमा यस्तै खालको प्रतिक्रिया आउँछ भने यसलाई सामान्य मान्न सकिँदैन। यस्तो हुनुका पछाडि भावनात्मक वा शारीरिक र मानसिक पक्षले पनि भूमिका खेल्न सक्छ। यी तीन कुरामा उत्तारचढाव आउँदा उनीहरूमा यौनइच्छा नहुने र कहिलेकाहीँ त यो इच्छा नै मर्ने हुनसक्छ।

**महिलामा यौनइच्छा नहुनुका कारणहरू**

**तनाव :** कयौं पटक महिलाहरू मानसिक तनावबाट गुज्रिएको अवस्थामा सम्भोग गर्न मान्दैनन्। तनावका कारण शरीरमा स्ट्रेस हर्मोन कर्टिसोलको मात्रा बढ्छ। यसले यौन हर्मोन ईस्ट्रोजेनको स्तरमा असर पार्छ। जसकारण महिलामा यौन इच्छा कम हुनसक्छ।

**हर्मोनको परिवर्तन :** जीवनका विभिन्न चरणमा महिलाको यौन चाहना र प्रतिक्रिया फरक–फरक हुनसक्छन्। गर्भवती हुँदा, महिनावारी रोकिएपछि या महिनावारीको दिनअनुसार यौन चाहनामा परिवर्तन आउँछ। शरीरमा हुने हर्मोनको परिवर्तनले यस्तो हुन्छ। महिलामा एन्ड्रोजेन हर्मोनको कमीले यौन चाहना घटाउँछ भने इस्ट्रोजेन हर्मोनको कमीले योनीलाई सुख्खा पार्ने काम गर्छ, जसले यौनसम्पर्कलाई कष्टदायी बनाउँछ। त्यसकारण यौनइच्छामा कमी आउने गर्छ।

**भावनात्मक कमी :** महिलाका लागि यौन सम्बन्ध केवल शारीरिक क्रियाकलाप मात्र होइन। मानसिक र भावनात्मक कुराले पनि यौनमा प्रभाव पारिरहेको हुन्छ। यस्तोमा यदि उनीहरूलाई पार्टनरले भावना बुझ्नेन वा भावनात्मक रुपमा कुनै पनि ध्यान दिइरहेको छैन भन्ने लाग्यो भने इच्छामा कमी आउन सक्छ। त्यस्तै, कुनै संवाद नगरी, महिलाको इच्छा अनुसारको यौनक्रिया नगर्ने, कुनै 'फोर प्ले' नगरी सिधै सम्भोग मात्र गर्ने बानी छ भने पनि उनीहरू यौनसम्बन्ध राख्न चाहदैनन्।

**महिलाको इच्छा नबुझ्ने :** कयौं पुरुष पार्टनर यस्ता हुन्छन् जो सम्भोगको दौरान महिलाको इच्छा सोध्न वा बुझ्न खोज्दैनन्। यस्तोमा महिला पनि खुलेर आफूलाई लागेको कुरा व्यक्त गर्न सक्दिनन्। यो पनि यौन सम्बन्धबाट खुसी नभई विस्तारै इच्छा नै नहुने एक कारण बन्न सक्छ। कहिलेकाहीँ कुनै रोग वा लामो समयसम्म कुनै औषधिको साइड इफेक्टको कारण यो समस्या हुनसक्छ।

**आइरनको कमी :** शरीरमा आइरनको कमीले गर्दा योनांगसम्म रक्तसञ्चार सही ढंगले नहुनसक्छ। यसकारण महिलामा उत्तेजना नै नहुने हुनुसक्छ।

**निद्राको कमी :** अनिद्राले पनि यौनइच्छा घटाउन सक्छ। निद्रा पुरा हुन नपाउँदा हर्मोन असन्तुलन हुन्छ, जसले गर्दा यौनइच्छा कम हुँदै जानसक्छ।

# फेरि बढाइयो सिमेन्टको मूल्य



काठमाडौँ, १३ चैत्र। उद्योगीहरूले फेरि सिमेन्टमा प्रतिबोरा ४० रुपैयाँ बढाएका छन्। दुई दिनदेखि सिमेन्टको मूल्य ४० रुपैयाँ बढीले मूल्य बढेको निर्माण व्यवसायीहरूले बताएका छन्। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले ओपीसी र पीपीसी दुवै किसिमका सिमेन्टको मूल्य प्रतिबोरा ४० रुपैयाँले बढेको जानकारी दिए। 'ओपीसी र पीपीसी दुवै सिमेन्टको मूल्य थप ४० रुपैयाँ बढेको छ। अहिले बजारमा ओपीसी सिमेन्टको मूल्य ६३० देखि ८०० रुपैयाँसम्म पुगेको छ ,' उनले भने,'पीपीसी सिमेन्ट ५९० देखि ६५० सम्म पुगेको छ।' दुईदिनअघि ओपीसी सिमेन्टको मूल्य प्रतिबोरा ६०० देखि ७६० रुपैयाँ थियो। मूल्य ५५० देखि ६०० रुपैयाँसम्म थियो।

सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारुले सिमेन्टको मूल्य बढाएको स्वीकार गरेका छन्। उनले लोडसेडिङ बढेको कारण मूल्य बढाएको बताए। 'विद्युत कटौतीको कारणले मूल्य बढाइएको हो। १२ घण्टा लोडसेडिङ हुँदा ठूलो नोक्सानी भएको छ,' अध्यक्ष मारुले भने।

**सिमेन्ट र फलामे छडको एमआरपी राख्नुपर्ने**

अहिले बजारमा निर्माण सामग्री सिमेन्ट,फलामे छड र फलामे जालीको मूल्य बढेको बढ्यै छ । मूल्य नियन्त्रण गर्न पछिल्लो समय सरकारले पहल थालेको छ। वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सिमेन्ट, फलामे छड (डन्डी) लगायत निर्माण सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) राखेर बिक्री वितरण गर्न निर्देशन दिएको छ। मंगलबार विभागमा सिमेन्ट र फलामे डन्डीको मूल्य वृद्धिबारे छलफल थियो। उक्त छलफलमा मूल्य घटाउनेभन्दा सिमेन्ट र फलामे डन्डी उद्योगीलाई एमआरपी राख्न निर्देशन दिइएको र उद्योगीहरूले सहमति जनाएका विभागका महानिर्देशक कुमारप्रसाद दहालले बताएका छन्।

महानिर्देशक दहालले भने,'छलफलमा डन्डी र सिमेन्टमा मूल्य घटाउनेभन्दा पनि अबदेखि सिमेन्टको बोरामा र फलामे छडको एमआरपी राखेर बिक्री गर्न बजार पठाउने सहमति भएको छ। सात दिनभित्र तयारी गरेर आउँछौं भनेका छन्।' दहालका अनुसार फरक–फरक उद्योगीले आफ्नो उत्पादन लागतअनुसार फरक फरक मूल्य निर्धारण गर्न पाउने छन्। तर यसपछि उद्योगीहरूले जथाभावी रुपमा मूल्य बढाउन नपाउने उनको तर्क छ। 'अहिलेसम्म एमआरपी राखेकै छैनन्। उद्योगीलाई एमआरपी राख्ने स्वतन्त्रता छ। उत्पादन लागतअनुसार एमआरपी निर्धारण गर्नेछन्। यसपछि बजारमा मूल्य घटबढ भएकोबारे सहजै जानकारी हुन्छ। र मूल्य नियन्त्रण गर्न सहज हुन्छ। एमआरपी फ्याक्ट्रीमै राखेर पठाउने निर्णय भएको छ। सायद अर्को हप्तादेखि निर्धारण हुन्छ,' उनले भने।

पछिल्लो समय उद्योगीले मनपरी ढंगले कार्टेलिङ गरी मूल्य बढाएको छन्। यस विषयमा कति मूल्य बढ्यो भन्ने विषयमा डिलरलाई सोध्दा फ्याक्ट्रीले भन्छन्, फ्याक्ट्रीलाई सोध्दा डिलरले भन्छन्। एमआरपी निर्धारण भएपछि कहाँ कसले कति मूल्य बढायो भन्ने विषयमा सहजै थाहा हुने उनको भनाइ छ। एमआरपी राखिसकेपछि सिमेन्ट र डण्डीको मूल्य समायोजन गर्ने बताए। 'लोडसेडिङ कति बढ्दा कति मूल्य निर्धारण गर्ने यसको सूचीसमेत राख्न भनेको छु। लोडसेडिङ बढ्दा मूल्य जतिको त्यति राखेर उद्योगलाई फाइदा हुँदैन,'उनले भने,'सरकारले १२ घण्टा लोडसेडिङ गरिदिने अनि मूल्य जतिको त्यति निर्धारण गरेर हुन्छ ?'

**'थप मूल्य बढाउने अर्को कारण एमआरपी'**

निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंहले एमआरपी राख्नु

**–बाँकी अन्तिम पेजमा**



# पत्थरकट्टा समुदायको चिन्ता : पुर्ख्यौली सीपले कसरी धान्ने ?




विद्यानन्द राम

सप्तरी, १३ चैत्र। '१२ वर्षकै हुँदा बुवालाई हेरेर सिकेको सीपले आठ जनाको परिवार चलाए तर अहिले पुर्ख्यौली पेसाले धान्ने अवस्था रहेन' बिहीबार सडक छेउमा ढुंगा कुँदिरहेका ५० वर्षीय राजकुमार थवही (पत्थरकट्टा)ले भने, 'छोराहरुलाई पढाउन सकिएन, अन्य सीप पनि छैन, कसरी परिवार धान्लान् भन्ने पिर छ।' राजविराज नगरपालिका-२ तेतरीगाँछीका राजकुमारसँग पनि अन्य सीप छैन्। जानेको त्यहीँ ढुंगा कुँद्ने पुर्ख्यौली सीप हो। ढुंगा कुँदेरै उनले बुवाआमा, चार छोरा र पत्नी गरी आठ जना परिवारको गुजारा मात्रै चलाएन, हनुमाननगर कंकालिनी नगरपालिका-४ मधुवापुरमा ६ कोठाको पक्की घर पनि बनाउन भ्याएँ। तर, छोराहरुलाई भने ४-५ कक्षाभन्दा बढी पढाउन नपाउँदा उनी चिन्तित छन्। 'ढुंगालाई आकार दिई कुँदेर बनाइने सिलौटो र जाँतो बेचेर पहिला-पहिला निकै आम्दानी हुन्थ्यो, छोराहरु पनि ढुंङ्गा कुँद्न लाग्दा ४/५ कक्षाभन्दा बढी पढ्न पाएनन्,' उनले भने, 'अहिले सिलौटो र जाँतो बिक्नै छोडेको छ, गाउँसम्मै बढेको मसला पिध्ने मेसिन र मिक्स्चरको प्रयोगले हाम्रो पेसा नै सङ्कटमा पर्न थालेको छ।'

गुजारा चलाउनकै लागि पुर्ख्यौली पेसालाई निरन्तरता दिँदै आइरहेका राजकुमारलाई छोराहरुले पनि त्यही काममा सघाउँदैआएका छन्। 'वर्षौंअघि नै यो जग्गा भाडामा लिएर सिलौटो र जाँतो बनाउँदै आएका छौं' उनले भने, 'तीन दिनमा ८/१० वटा सिलौटो र एकजोडी जाँतोसम्म बनाउँछौं अनि घोंडा, गधा वा साइकलमा बोकेर गाउँ-गाउँ घुमेर बिक्री गर्न जान्छौं।' गाउँगाउँ घुमेपछि प्रति सिलौटो ५ सय र जाँतो १ हजार ५ सयसम्म बिक्री हुने गरेको छ। 'त्यसमा लगभग आधा रकम कच्चा ढुंगा खरिददेखि ढुवानी र बिक्री गर्न जाँदा हुने खर्चमै सकिन्छ,' उनले भने। 'लेटाङ र केराबारीबाट ढुंगा ल्याएर सिलौटो र जाँतो बनाउँदै आएका लोपोन्मुख जातिका राजकुमारले राजविराज नगरपालिका-२ तेतरीगाँछीकै सडक छेउमा दक्षिणतर्फ जग्गा भाडामा लिएर सिलौटो र जाँतो बनाउँदै आएका छन्। राजकुमारका परिवारमा उनकी पत्नी ४५ वर्षीया सावित्रीसहित छोराहरु ३० वर्षीय शिवा, २८ वर्षीय रवि, २६ वर्षीय रविन्द्र र २२ वर्षीय रञ्जित छन्। छोराहरुको पनि विवाह भइसकेकोले अहिले जेनतेन परिवार चल्दै आए पनि अबको पुस्तालाई पुर्ख्यौली पेशाले धान्न समस्या हुने उनको चिन्ता छ। पसिना पुछ्दै उनले भने, 'मेरो जिन्दगी त यसमै बित्यो, अब हामीले बनाएका सामान प्रयोग हुनै छाडेको छ, अन्य सीप नै छैन। भावी पुस्ताको भविष्य अन्योल हुन्छ।'

आदिवासी जनजाति समुदायभित्र पर्ने लोपोन्मुख उक्त जातिलाई सरकारले सामाजिक सुरक्षा भत्ता पनि दिँदै आएको छ। 'तर हामीलाई भत्ताभन्दा पनि शिक्षामा विशेष अवसरको आवश्यकता छ,' उनले भने, 'सप्तरीमा १५-१७ परिवार मात्रै छन्, हाम्रो जाति।' सन्तानलाई पढाउनुपर्छ भन्ने सोच नआएको तथा बालबच्चा पनि सँगै काम गर्दागर्दै हुर्किएको राजकुमार दुःखेसो सुनाउँछन्। उनका अनुसार सप्तरीबाहेक झापा, सुनसरी, धनुषा, पर्सालगायतका जिल्लामा छिटफुट रुपमा बसोबास रहेको छ। राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत प्रविनले लोपोन्मुख ती समुदायले सामाजिक सुरक्षा भत्ता नै पाइरहेकोले खासै योजना नल्याइएको बताइन्। 'तर, उहाँहरुलाई चाहिएको कुरा पूरा गर्न हामी गम्भीर छौं,' उनले भनिन्, 'हामीले बुझेर पहल गर्छौं।' राष्ट्रिय जनगणना २०७८ अनुसार देशैभर यो समुदायको जनसंख्या जम्मा ३ हजार १ सय ८२ मात्रै छन्।

# बारामा ११ हजार मेट्रिकटन तेलहन बाली उत्पादन



शिवशंकर मिश्रा

बारा, १३ चैत्र। चालु आर्थिक वर्ष ०८१-८२ मा बाराका कृषकहरुले ११ हजार मेट्रिकटन तेलहन बाली उत्पादन गरेका छन्। यस वर्ष १० हजार हेक्टर क्षेत्रफलमा तेलहन बाली खेती गर्दा ११ हजार २ सय मेट्रिकटन तेलहन बाली उत्पादन भएको कृषि ज्ञान केन्द्र कलैयाका प्रमुख राजनारायण साहले जानकारी दिए। गत वर्ष ०८०-८१ मा १० हजार २ सय हेक्टर क्षेत्रफलमा तेलहन खेती हुँदा ११ हजार २ सय २० मेट्रिकटनले तेलहन बाली उत्पादन भएको थियो। गत वर्षको तुलनामा यस वर्ष २ सय हेक्टर क्षेत्रफलमा तेलहन खेतीमा कमी भएको छ। यसैगरी चालु आर्थिक वर्ष ०८१-०८२ जिल्लाका विभिन्न भेगमा गरी जम्मा ३० हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती भएको छ। जिल्लाको प्रायःसबै क्षेत्रमा गहुँ खेती हुने भएकाले सबै क्षेत्रका कृषकहरुले भृकुटी, बिजय, एनएल ९७, आदित्य, नेपाल ९७१, २९७ जातको गहुँको खेती गरेका हुन्। केहि दिनमै पाक्न लागेको गहुँ बाली भित्राउन किसानलाई चटारो हुनेछ।

बदल्दिो मौसम तथा खेतीको दोस्रो बालीमा बढी हाँवाहुरी, असिनापानी आउने गरेकाले गहुँ भित्र्याउनमा अन्य कार्य छोडेर कृषकहरु बाली सुपार्नमा सपरिवार लाग्ने गर्छन्। गत वर्ष ०८०-०८१ मा ३० हजार हेक्टर क्षेत्रफलमा विभिन्न जातको गहुँ खेती गरेकोमा ३ मेट्रिकटनले ९० हजार मेट्रिकटन गहुँ उत्पादन भएको कार्यालयका अर्थबिज्ञ गणेश महराले जानकारी दिनुभयो।

# कुलमानलाई पदबाट हटाएपछि सडकदेखि संसद्सम्म सरकारको विरोध

काठमाडौं, १३ चैत्र। सरकारले कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट हटाएपछि सडक हुँदै संसद्मा समेत सरकारको विरोध भएको छ। सामाजिक सञ्जाल र सडकमा चर्को विरोध भइरहेकोमा बुधबार विपक्षी दलहरूले प्रतिनिधिसभाको बैठक नै अवरुद्ध गरे। बैठक शुरू हुनेबित्तिकै प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) सहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत विपक्षी दलका सांसदहरूले



उठेर विरोध जनाएका थिए। त्यसपछि विपक्षी दलका तर्फबाट कुरा राख्न सभामुख देवराज घिमिरेले माओवादी सांसद शक्तिबहादुर बस्नेतलाई समय दिनुभयो। बस्नेतले घिसिङलाई हटाएको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले आएर संसद्मा जवाफ नदिएसम्म संसद् चल्न नदिने बताउनुभयो। विपक्षी दलका सांसदहरू उठेर विरोध जनाइरहेपछि सभामुखले आधा घण्टाका लागि बैठक स्थगित गर्नुभएकोमा अझै शुरू भएको छैन।

यस्तै घिसिङलाई हटाएको विरोधमा विपक्षी दलहरूले राष्ट्रियसभा बैठक पनि अवरुद्ध पारेका छन्। हिजो प्रधानमन्त्री केपी ओलीले सानो यो विषयमा तिललाई पहाड बनएको बताउनुभएको थियो। तर विपक्षीहरू आज झनै आक्रमक देखिएका हुन्। नेपाली कांग्रेसका महामन्त्रीहरू गगन थापा र विश्वप्रकाश शर्मासहित कांग्रेसका केही नेता कार्यकर्ताले समेत घिसिङलाई हटाएकोमा विरोध गरेका छन्। विपक्षी दलका भातृ सङ्गठनसहितले काठमाण्डौमा प्रदर्शन गरेका छन्। उनीहरूले हिजो बेलुका मसाल जुलुससमेत निकालेका थिए। आज पनि विद्युत् प्राधिकरणको कार्यालय अगाडि प्रदर्शन भएको छ। सरकारले घिसिङलाई पदबाट हटाउनुपर्ने कारण खुलाएर दिएको पत्रमा सञ्चालक समितिले गरेका निर्णयहरू कार्यान्वयन नगरेको आरोप छ। यस्तै सरकारले क्षेत्राधिकारबाहिर गएर भारतसँग विद्युत् खरिद तथा बिक्री सम्झौता गरेको, प्राधिकरणका कर्मचारीबीच गुटबन्दी गराएको, संसद् र सरकारविरुद्ध बोलेको, सरकारले सोधेको स्पष्टीकरणका विषयवस्तु सार्वजनिक गरेको, सञ्चालक समितिको स्वीकृति नलिइकन काजमा गएको जस्ता आरोप पनि लगाएको छ।

विद्युत् प्राधिकरणको सञ्चालक समितका अध्यक्ष ऊर्जामन्त्री हुने व्यवस्था छ। तर अहिलेको सरकार गठन भएदेखि नै ऊर्जामन्त्री दीपक खड्का तथा घिसिङबीच सम्बन्ध राम्रो छैन।

## रिंकु सदाय ...

मण्डल, बिन्देश्वर साह, रामदेव सदा, सांकेतिक नाम ०८१ लाहान ण३, सांकेतिक नाम ०८१ लाहान ण ११, कारी भनिने करिया मुसहलाई जनही १ लाख ५० हजार धरौटी माग गरिको स्रेस्तेदार पोखरेलले जानकारी दिए।

रामविनोद मण्डल र कमलेशकुमार दासलाई साधारण तारेखमा छाड्न आदेश भएको स्रेस्तेदार पोखरेलले जानकारी दिए। घटनापछि रामपुकार मण्डल, बौका डाक्टर भन्ने रामनारायण दास तत्मा, किसुनदेव दास तत्मा, रामसेवक शाह, रामपृत साहु तेली, भागत सदायसहित थप एक जना फरार छन्। माघ २७ गते शौचालय जान भनेर निस्किएकी रिंकुकुमारी २८ गते बिहान ३ बजेमात्र घर फर्किएकी थिइन्। उनीमाथि बलात्कार भएको खुलेपछि भोलिपल्टै पञ्चायत बसेर बलात्कारको घटना मिलाउन पैसाको बार्गेनिङ भएको खुलेको थियो।

## फेरि बढाइयो...

सकारात्मक भए पनि थप मूल्यवृद्धि गर्ने नयाँ कारण भएको बताए। 'अधिकतम खुद्रामूल्य राख्नु पर्ने निर्णय गर्नु भएको छ यो सकारात्मक हो। तर अहिले भएको मूल्यवृद्धिलाई त्यसले कुनै कन्ट्रोल गर्दैन,' उनले भने,'तैपनि एमआरपी राखेपछि ठग्न भने पाउँदैन। मलाई लाग्छ यो अझै सिमेन्टको मूल्य थप बढाउने अर्को कारण हो।' एमआरपी राखेर मूल्यवृद्धि नियन्त्रण नहुने भन्दै उनले मूल्यवृद्धि नियन्त्रण गर्न उत्पादनमा जोड दिनुपर्ने बताए। उत्पादन नबढाउने हो भने भारतबाट आयात गर्न दिनुपर्ने उनको भनाइ छ।

'उत्पादन नबढाउने होभने भारतबाट सिमेन्ट आयात गर्न दिनु पर्छ। हुन त उद्योग मन्त्रीले उद्योगीलाई प्रोत्साहन गर्छु भनिसक्नुभएको छ,' उनले भने,'के आशा गर्नु। कालोबजारी भएको छैन भन्नुभएको छ। कार्टेलिङ गरेको होइन भन्नुभएको छ। उद्योगी फस्टाउने काम सरकारले गर्नुपर्छ तर आम उपभोक्ता कालोबजारीको मर्कामा पर्नेगरी काम गर्नु एउटा भ्रष्टाचार हो।' असार साउनमा खरीद गरेको बिल र अहिले खरिद गरेको बिलको विवरण पेस गरेको बताउँदै मूल्य नियन्त्रण गर्न साउनको उत्पादन लागत र अहिलेको उत्पादन लागत हेरेर मूल्याङ्कन गर्न सकिने उनको भनाइ छ। 'नेपालमा मूल्य बढाएका छौँ। भारतमा निकासी गर्छु भन्छौँ। भारतमा ५०० रुपैयाँमा सिमेन्ट पाइरहेको छ। नेपालको महँगो सिमेन्ट त भारतले लैजाँदैन,' उनले भने,'नेपाली उपभोक्तालाई मात्र मूल्य बढाइएको छ। मूल्य बढेदेखि अहिलेसम्म १८ अर्ब कमाइसक्नुभयो उद्योगीहरूले।'




लामखुट्टेको टोकाईबाट बच्नुहोस्।

डेंगु संक्रमणबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि साबधानी अपनाउनुहोस्।

सुत्दा झुलको प्रयोग गर्नुहोस्

लामखुट्टेको टोकाईबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्नुहोस्

पुरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउनुहोस्

ट्याङ्की र कुलरहरु हप्तामा एकचोटी सफा गर्नुहोस्

वरपर पानी जम्न नदिनुहोस्

डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्था जानुहोस्

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)